*"वित्तीय क्रियाकलापमा पारदर्शिता, सम्पत्ति शुद्धीकरण निवारणमा प्रतिवद्धता"*

# सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवस, २०८१

(प्रतिवेदन)

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

पुल्चोक, ललितपुर

# १. परिचयः

## १.१ पृष्ठभूमि

सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी नियन्त्रण समग्र विश्वको चासोको विषय रहेको छ। भूमिगत अर्थतन्त्रले विश्वव्यापी वित्तीय संरचनामा पार्ने असर बढिरहेको सन्दर्भमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा हुने वित्तीय लगानी निवारणमा सबैको ध्यान केन्द्रित भएको हो। सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा हुने वित्तीय लगानीसम्बन्धी आपराधिक सञ्जालको दायरा सीमाविहीन हुने भएकोले यो कुनै एउटा मुलुकको मात्र नभएर अन्तर्राष्ट्रिय साझा समस्याका रूपमा हेरिएको छ।

नेपालले २४ जुलाई १९९१ मा United Nations Convention Against Illicit Traffic in Narcotics and Psychotropic Substances, Vienna, २० December १९८८ लाई २४ जुलाई १९९१ मा स्वीकृति गरी सो महासन्धीको पक्ष राष्ट्र बनेको; सन् २००२ मा Asia Pacific Group on Money Laundering को Member Jurisdiction भएको एवम् सन् २००५ मा पहिलो पारस्परिक मूल्याङ्कन भएपछि सिर्जित अन्तर्राष्ट्रिय दायित्व कार्यान्वयन गर्नुपर्ने परिपस्थिति उत्पन्न भएसँगै नेपाल सम्पत्ति शुद्धीकरण निवारणको विश्वव्यापी अभियानमा सामेल भएको देखिन्छ। उपरोक्त महासन्धि तथा अन्तराष्ट्रिय उपकरणहरुले सिर्जना गरेको दायित्वलाई कार्यान्वयन गर्न मिति २०६४ माघ १४ गते सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ जारी भएको देखिन्छ।

ऐन जारी भएपश्चात् सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी सम्बन्धी अपराधको अनुसन्धान गर्ने विशिष्टिकृत र सक्षम निकायको रूपमा २०६८ असार ३१ गते सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको स्थापना भएको हो। स्थापनकालमा विभागलाई अर्थ मन्त्रालय मातहत राखिएको थियो। विभाग स्थापनापूर्व राजस्व अनुसन्धान विभागलाई सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अनुसन्धान तहकिकात गर्ने कार्यान्वयन निकाय तोकिएको थियो। पछि नेपाल सरकारको २०६८ असार १ को निर्णयबाट सम्पत्ति सुद्धीकरण अनुसन्धान विभाग प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रही आएको छ।

सम्पत्ति शुद्धीकरण आफैंमा एक बहुविधागत अन्तरसम्बन्ध राख्ने विषय हो। सूचना प्रणाली; नियमन र सुपरीवेक्षण; अनुगमन र मूल्याङ्कन; जोखिम मूल्याङ्कन; समन्वय; अन्तरदेशीय सहयोग; वित्तीय निगरानी; अनुसन्धान, अभियोजन र न्याय निरोपण; कसुरबाट प्राप्त सम्पत्ति रोक्का, जफत र नियन्त्रण लगायतका क्रियाकलापहरू एकसाथ क्रियाशील भएमा र यी विषयहरुसँग सम्बन्धित

निकायहरु सामुहिक रूपमा जिम्मेवार भएमा मात्र यो प्रणाली अझ सशक्त हुँदै जाने र मुलुकले अन्तर्राष्ट्रिय दायित्व बहन गर्न सक्षम भई समग्र शासकीय एवम् वित्तीय स्वच्छता कायम गर्दै स्वस्थ र स्वच्छ अर्थतन्त्रको निर्माण गर्न सकिन्छ।

## १.२ दिवसको औचित्य

प्रस्तुत पृष्ठभूमिमा, नेपालमा सम्पत्ति शुद्धीकरण निवारण प्रणाली स्थापित भई राज्यको उच्च प्राथमिकतामा परेको भन्ने सन्देश प्रवाह गर्न; सम्पत्ति शुद्धीकरण निवारण विरुद्ध जनचेतना फैलाउनुका साथै अपराध निवारणमा सामाजिक सहयोग र समर्थन जुटाउन; तथा, सम्पत्ति शुद्धीकरण निवारण प्रणालीका सम्बन्धमा मुलुकमा देखा परेका चुनौती एवं प्रवृत्तिगत आयामहरु एवम् सामना गर्ने संभावित उपायहरुका बारेमा एकै मञ्चमा छलफल गरी सहकार्यमूलक सवल संस्कृति निर्माण गर्न सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन २०६४ जारी भएको दिन माघ १४ लाई सम्पत्ति शुद्धीकरण विरूद्धको अभियान उत्सवको रूपमा स्मरण गर्दै हरेक वर्ष उक्त दिनलाई "सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवस" को रूपमा मनाउन आवश्यक देखिएको छ।

नेपालमा महत्त्वपूर्ण निकायहरूले भन्सार दिवस, हुलाक दिवस, राष्ट्रिय कर दिवस, कानुन दिवस, राष्ट्रिय सूचना प्रविधि दिवस, उद्योग दिवस, अख्तियार दुरूपयोग अनुसन्धान आयोग दिवस जस्ता विषयगत रूपमा राष्ट्रिय दिवसहरू मनाउने प्रचलन रही आएको छ। यस प्रकारका दिवसहरूले ती निकायका कार्यगत प्रतिबद्धताको सन्देश प्रवाह हुनुका साथै नागरिक सचेतना अभिवृद्धिमा समेत प्रभावकारी भूमिका निर्वाह गरेको देखिएको छ।

अतः सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण प्रणालीमा संलग्न निकायहरूबीच समन्वय एवम् सहकार्य अभिवृद्धि गर्दै सम्पत्ति शुद्धीकरण निवारण राज्यको उच्च प्राथमिकतामा परेको सन्देश प्रवाह गर्ने अपेक्षाका साथ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन २०६४ जारी भएको दिन माघ १४ लाई "सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवस" घोषणा गरी सम्पत्ति शुद्धीकरण विरूद्धको अभियान उत्सवको रूपमा मनाउन मनासिव देखिएको हुँदा त्यस सम्बन्धी अवधारणापत्र तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रस्तुत गरिएको थियो।

## १.३ दिवसको उद्देश्यः

"सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवस" मनाउनुको मूलभूत उद्देश्य निम्नानुसार रहेका छन्:

(क) नेपालमा सम्पत्ति शुद्धीकरण निवारण प्रणाली स्थापित भई राज्यको उच्च प्राथमिकतामा परेको भन्ने सन्देश प्रवाह गर्न;

(ख) सम्पत्ति शुद्धीकरण निवारण विरूद्ध जनचेतना फैलाउनुका साथै अपराध निवारणमा सामाजिक सहयोग र समर्थन जुटाउन सहयोगी आधार तयार पार्न;

(ग) परिवर्तित सन्दर्भमा अनुसन्धानको कार्य विभिन्न निकायहरुलाई प्रदान गरिएकोमा साझा सहमति, समन्वय र सहकार्यलाई अझ बढी प्रभावकारी बनाउन ऐक्यबद्धता र प्रतिवद्धता निर्माण गर्न;

(घ) सम्पत्ति शुद्धीकरण निवारण प्रणालीका सम्बन्धमा मुलुकमा देखा परेका चुनौती तथा प्रवृत्तिगत आयामहरु एवम् सामना गर्ने संभावित उपायहरूका बारेमा एकै मञ्चमा छलफल गरी दर्विलो सहकार्यमूलक सवल संस्कृति निर्माण गर्न; र,

(ङ) सूचक संस्था, नियामक निकाय, अनुसन्धाकारी निकाय, न्यायिक निकाय एवम् उच्च प्रशासनिक र राजनैतिक नेतृत्व समेतका लागि एउटा साझा थलो निर्माण गरी वित्तीय अपराधका विविध पक्षमा छलफल गरी राष्ट्रिय नीति निर्माणका लागि आधारस्तम्भ निर्माण गर्न।

## १.४ मन्त्रिपरिषद्को निर्णय

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट प्रस्ताव भए बमोजिम सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ जारी भएको दिन माघ १४ गतेलाई हरेक बर्ष सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवसको रुपमा मनाउने भनी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८१ पुस १६ गतेको बैठकबाट निर्णय भयो। लगत्तै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८१ पुस २१ को पत्रबाट यस वर्षका लागि सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवस मनाउनका लागि यस विभागका महानिर्देशकको संयोजकत्वमा सबै सरोकारवाला सम्मिलित मूल समारोह समिति गठन गरी नारा तय गर्ने, मूल समारोह आयोजना गर्ने र सबै सरोकारवालाहरुलाई दिवस मनाउन आह्वान गर्ने लगायत सम्पूर्ण कार्यहरुको संयोजन गर्न यस विभागलाई तोक्ने भनी लेखी आएको थियो। यीनै निर्णय तथा निर्देशनका आधारमा यस वर्ष सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको संयोजनमा मूल समारोह समिति गठन गरी दिवसको अवसरमा मूल समारोहको कार्यक्रम लगायतका अन्य विविध क्रियाकलापहरु सञ्चालन गरी दिवस मनाउने कार्य सम्पन्न गरियो।

## २. मुख्य गतिविधिहरूः

### २.१ सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवस मूल समारोह समिति, २०८१ गठनः

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशकको संयोजकत्त्वमा नियमनकारी, अनुसन्धानकारी तथा अभियोजनकारी निकायहरू र सूचक संस्थाहरू सम्मिलित देहाय बमोजिमको पच्चिस सदस्यीय सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवस मूल समारोह समिति, २०८१ गठन गरियो।

१. महानिर्देशक, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग - संयोजक
२. सम्बन्धित महाशाखा प्रमुख वा प्रतिनिधि, अख्तियार दुरूपयोग अनुसन्धान आयोग - सदस्य
३. सम्बन्धित महाशाखा प्रमुख वा प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय - सदस्य
४. सम्बन्धित महाशाखा प्रमुख वा प्रतिनिधि, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य
५. सम्बन्धित महाशाखा प्रमुख वा प्रतिनिधि, अर्थ मन्त्रालय - सदस्य
६. सम्बन्धित महाशाखा प्रमुख वा प्रतिनिधि, कानुन न्याय तथा संसदीय ममिला मन्त्रालय - सदस्य
७. सम्बन्धित महाशाखा प्रमुख वा प्रतिनिधि, गृह मन्त्रालय - सदस्य
८. सम्बन्धित महाशाखा प्रमुख वा प्रतिनिधि, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सदस्य
९. सम्बन्धित महाशाखा प्रमुख वा प्रतिनिधि, समाज कल्याण परिषद - सदस्य
१०. सम्बन्धित महाशाखा प्रमुख वा प्रतिनिधि, नेपाल धितोपत्र बोर्ड सदस्य
११. सम्बन्धित महाशाखा प्रमुख वा प्रतिनिधि, नेपाल बीमा प्राधिकरण- सदस्य
१२. सम्बन्धित विषय हेर्ने विभागीय प्रमुख वा प्रतिनिधि, नेपाल प्रहरी सदस्य
१३. प्रमुख वा प्रतिनिधि, आन्तरिक राजस्व विभाग - सदस्य
१४. प्रमुख वा प्रतिनिधि, उद्योग विभाग - सदस्य
१५. प्रमुख वा प्रतिनिधि, कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग सदस्य
१६. प्रमुख वा प्रतिनिधि, भन्सार विभाग सदस्य
१७. प्रमुख वा प्रतिनिधि, भूमि व्यवस्थापन तथा अभिलेख विभाग सदस्य
१८. प्रमुख वा प्रतिनिधि, राजस्व अनुसन्धान विभाग - सदस्य
१९. प्रमुख वा प्रतिनिधि, सहकारी विभाग सदस्य

२०. प्रमुख वा प्रतिनिधि, वित्तीय जानकारी इकाई - सदस्य

२१. प्रमुख वा प्रतिनिधि, बैंक तथा वित्तीय संस्था नियमन विभाग, नेराबै सदस्य

२२. प्रमुख वा प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासङ्घ - सदस्य

२३. प्रमुख वा प्रतिनिधि, नेपाल बैङ्कर्स एसोसियसन - सदस्य

२४. प्रमुख वा प्रतिनिधि, नेपाल बीमक सङ्घ सदस्य

२५. निर्देशक, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, योजना शाखा सदस्य सचिव

मिति २०८१/९/२५ मा पुल्चोकस्थित कर्मचारी सञ्चयकोषको सभाहलमा समितिको बैठक सम्पन्न भएको थियो। उक्त बैठकले देहायका निर्णयहरू गऱ्यो।

- यस वर्षका लागि सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवसको नाराको रुपमा "वित्तीय क्रियाकलापमा पारदर्शीता, सम्पत्ति शुद्धीकरण निवारणमा प्रतिवद्धता" लाई छनौट गर्ने।
- सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले आगामी माघ १४ गते काठमाडौं उपत्यकामा सम्पत्ति शुद्धीकरण निवारण प्रणालीमा आबद्ध निकायहरुको सहभागितामा मूल समारोहको कार्यक्रम आयोजना गर्ने।
- सम्पत्ति शुद्धीकरण निवारण प्रणालीमा आबद्ध सबै निकायहरूलाई छलफल, अन्तरक्रिया, अभिमुखीकरण, प्रशिक्षण लगायत उत्कृष्ट कार्य गर्ने संस्था/निकाय/व्यक्तिलाई पुरस्कार/सम्मान तथा अन्य रचनात्मक एवम् बौद्धिक क्रियाकलापहरु सञ्चालन गरी दिवस मनाउन आव्हान गर्ने।
- नियमनकारी निकाय र सूचक संस्थाहरुका छाता सङ्गठनहरुले सम्बद्ध सूचक संस्थाहरुलाई दिवस मनाउन आह्वान गर्ने।

## २.२ दिवसको पूर्वसन्ध्यामा सञ्चालित विविध कार्यक्रमहरू:

सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवसको मूल समारोह समितिको निर्णय तथा आह्वान बमोजिम दिवसका अवसर पारी नेपालमा सम्पत्ति शुद्धीकरण निवारण प्रणालीमा आबद्ध विभिन्न संघ, संस्था तथा निकायहरुले दिवसको पूर्वसन्ध्यामा विविध कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन गरेका थिए। सो मध्ये, यस विभागसमेतको संयोजनमा आयोजना भएका केही कार्यक्रमहरुलाई देहायबमोजिम उल्लेख गरिएको छ।

| मिति | आयोजक/प्रायोजक | कार्यक्रम | सहभागी |
|---|---|---|---|
| २०८१/१०/६ | नेपाल सुन चाँदी रत्न तथा आभूषण महासंघ | बहुमूल्य धातु तथा सुन चाँदीको कारोबार व्यवसायमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी अनुपालना विषयक अन्तरक्रिया कार्यकम | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र सम्बन्धित व्यवसायीहरू |
| २०८१/१०/१० | नेपाल बैंक लि. | सम्पत्ति शुद्धीकरण निवारण प्रणालीमा वाणिज्य बैङ्कहरुको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नियमनकारी निकाय, नेपाल राष्ट्र बैङ्क, बैङ्क सुपरीवेक्षण विभाग, सूचक संस्था तथा सबै वाणिज्य बैंकका अनुपालना अधिकृतहरू |
| २०८१/१०/११ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका पूर्व महानिर्देशकहरूसँग अन्तरक्रिया एवम् छलफल | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक, अनुसन्धान अधिकृतहरू र पूर्व महानिर्देशकहरू |
| २०८१/१०/१४ | नेपाल धितोपत्र बोर्ड | सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी उच्चस्तरीय अन्तरक्रिया | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, नेपाल धितोपत्र बोर्ड तथा सम्पत्ति शुद्धीकरण निवारण प्रणालीमा आवद्ध संस्थाहरू |

दिवसका अवसर पारी महान्यायाधिवक्ताको कार्यालयले आमसञ्चारसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो।[१] त्यसैगरी, नेपाल धितोपत्र बोर्डले दिवसको अवसरमा सूचक संस्थाले उच्च

१ https://www.onlinekhabar.com/2025/01/1611046/efforts-are-being-made-to-protect-the-country-from-the-risky-list-attorney-general-badal

पदस्थ व्यक्ति, वास्तविक धनी, सूचीकृत व्यक्ति, Criminal Record, Adverse Information लगायत अन्य विषयको Screening सम्बन्धी कार्यविधि बनाउदा अपनाउनुपर्ने व्यवस्थाहरु र Targeted Financial Sanction सम्बन्धमा मर्चेण्ट बैंकरका कार्यान्वयन अधिकारी (Complinace Officer) हरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको थियो। साथै, नेपाल बीमा प्राधिकरणको आयोजनामा प्राधिकरणको केन्द्रीय कार्यालयमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको[२], नेपाल एसबिआई बैंक लिमिटेडले आफ्नो सबै कार्यालयका कर्मचारीहरूद्वारा सम्पत्ति शुद्धीकरण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी वा अन्य गैरकानुनी प्रयोजनका लागि दुरुपयोग हुनबाट बचाउन उच्चतम AML- CFT प्रावधान ग्रहण एवम् पालना गर्नको लागि प्रतिज्ञा गरेका[३] तथा सन नेपाल लाइफ इन्स्योरेन्सद्वारा इन्स्योरेन्स कम्पनीको कर्पोरेट कार्यालय लगायत देशैभरका कार्यालयहरुमा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको[४] लगायतका विषयहरु आमसञ्चार माध्यमबाट जानकारीमा आएका छन्।

## २.३ जानकारीमूलक प्रकाशन

दिवसका अवसरमा सम्पत्ति शुद्धीकरण निवारणका विषयमा विभागबाट देहायका जानकारीमूलक पुस्तक तथा पुस्तिकाहरू प्रकाशन गरिएको थियोः

- सम्पत्ति पत्रिका - सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले विगत केही बर्षयता सम्पत्ति शुद्धीकरण निवारण प्रणालीसँग सम्बन्धित विषयमा यस विधाका विद्वान तथा विज्ञहरुका लेख सङ्कलन गरी सम्पत्ति पत्रिकाको रुपमा प्रकाशन गर्दै आईरहेकोमा यस वर्ष सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवसको अवसरमा सम्पत्ति पत्रिकाको १० औं अङ्क प्रकाशन गरेकोमा सो को लोकार्पण गरिएको।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानीसम्बन्धी विषयको आधारभूत जानकारीसहितको ब्रोसर
- "वित्तीय क्रियाकलापमा पारदर्शीता, सम्पत्ति शुद्धीकरण निवारणमा प्रतिवद्धता" भन्ने नारा लेखिएका स्टिकर
- मूल नारा र दिवस आयोजनाको विषयमा जानकारी दिने गरी विभिन्न आकारका फ्लेक्स प्रिन्टहरू।

---

[२] https://www.ajakoartha.com/story/120857 (आइतबार, १३ माघ २०८१, १६ : ३८)

[३] https://arthadabali.com/२०२५/०१/२७/६९७५५ (सोमवार, माघ १४ २०८१)

[४] https://aarthiknews.com/news/100468/sun-nepal-life-insurance-essential-program-on/ (१४ माघ, २०८१)

## २.४ मूल समारोह कार्यक्रमको सङ्क्षिप्त गतिविधि

मूल समारोह कार्यक्रम २०८१ माघ १४ गते बिहान ११ बजेदेखि शुरू भएको थियो। कार्यक्रम जावलाखेलस्थित नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज) को अडिटोरियम हल बृहस्पति सदनमा आयोजना गरिएको थियो। मूल समारोहको कार्यक्रममा भए गरेका क्रियाकलापहरुको सङ्क्षिप्त जानकारी देहायबमोजिम उल्लेख गरिएको छ।

क) कार्यक्रमको शुरुवात

प्रमुख अतिथि माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री श्री विष्णुप्रसाद पौडेलज्यूको आगमनसँगै कार्यक्रम शुरु भएको थियो। कार्यक्रमको शुरूआत राष्ट्रिय गानबाट भएको थियो। विभागका निर्देशक जितेन्द्र अधिकारीबाट कार्यक्रम सञ्चालन भएको थियो।




ख) आसन ग्रहण

कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव श्री एकनारायण अर्यालज्यूबाट अध्यक्षको आसन ग्रहण भएको थियो भने प्रमुख अथिति माननीय उपप्रधानमन्त्री एवम् अर्थ मन्त्री श्री विष्णुप्रसाद पौडेलज्यू, विशेष अतिथि माननीय गृह मन्त्री श्री रमेश लेखकज्यू तथा अतिथिहरू माननीय महान्यायाधिवक्ता श्री रमेश बडालज्यू र नेपाल राष्ट्र बैंकका गभर्नर श्री महाप्रसाद अधिकारीज्यू हुनुहुन्थ्यो।




ग) स्वागत मन्तव्य

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक तथा मुल समारोह समितिका संयोजक श्री सुमन दाहालज्यूबाट कार्यक्रममा सहभागीहरूलाई स्वागत मन्तव्य राख्नुको साथै सम्माननीय प्रधानमन्त्रीज्यूबाट दिवसको अवसरमा प्राप्त भएको शुभकामना सन्देश वाचन गरी सुनाउनु भएको थियो।




घ) सम्माननीय प्रधानमन्त्रीज्यूबाट प्राप्त शुभकामना सन्देशको व्यहोरा

वित्तीय क्रियाकलापमा पारदर्शिता, सम्पत्ति शुद्धीकरण निवारणमा प्रतिवद्धता भन्ने मुल नाराका साथ सम्पन्न हुन गइरहेको सम्पत्ति शुद्धीकरण निवारण प्रथम राष्ट्रिय दिवस २०८१ को अवसरमा शुभकामना व्यक्त गर्दछु ।

अपराधजन्य कार्यबाट प्राप्त सम्पत्तिको प्रवेश वित्तीय प्रणालीमा हुन नदिई वित्तीय स्वच्छता कायम गर्न सम्पत्ति शुद्धीकरण निवारण प्रणालीले प्रभावकारी रुपमा काम गर्नु पर्दछ । सम्पत्तिको आपराधिक उपयोगबाट अर्थतन्त्रका साथै शासकीय स्वच्छतामा नै चुनौति खडा हुने हुँदा वित्तीय अपराध न्यूनीकरणका लागि यस प्रणालीमा आवद्ध सूचक संस्था, नियामक निकाय, कानुन कार्यान्वयन गर्ने निकाय र न्यायिक निकायहरु समेतको समन्वयात्मक प्रयास अपरिहार्य छ । यस दिवसले सम्पत्ति शुद्धीकरण निवारणमा थप प्रभावकारिता वृद्धि गर्दै आगामी दिनमा वित्तीय स्वच्छता कायम गर्न अझ हौसला प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दै असल मनसायका साथ आफ्नो पेशा, व्यापार, व्यवसाय गर्नु हुने सबैमा विचलित नभई आफ्नो व्यावसायिक एवम् पेशागत जीवन निर्धक्क भई यापन गर्न समेत अनुरोध गर्दछु ।

ङ) कार्यक्रमको समुद्घाटन

कार्यक्रमका प्रमुख अतिथि उपप्रधानमन्त्री एवम् अर्थ मन्त्री श्री विष्णुप्रसाद पौडेलज्यूबाट दिप प्रज्वलन गरी कार्यक्रमको समुद्घाटन भएको थियो।



च) विषयवस्तुको प्रस्तुती

समन्वय समितिका संयोजक एवम् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री फणिन्द्र गौतमज्यूले सम्पत्ति शुद्धीकरण निवारण प्रणालीको तत्कालिन अन्तरराष्ट्रिय सन्दर्भ,

नेपालको वर्तमान अवस्था तथा आगामी दिशा सम्बन्धमा संक्षिप्त जानकारी प्रस्तुत गर्नु भएको थियो।



छ) लोकार्पण

कार्यक्रमका प्रमुख अतिथि उपप्रधानमन्त्री एवम् अर्थ मन्त्री श्री विष्णुप्रसाद पौडेलज्यूबाट सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागद्वारा दिवसका अवसरमा प्रकाशित “सम्पत्ति पत्रिका” को १० औं अङ्क लोकार्पण भएको थियो।



ज)    उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई सम्मान

कार्यक्रमका अवसरमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा कार्यरत नायब सुब्बा प्रकाशचन्द्र सापकोटा र प्रहरी हवल्दार चुमन पोखरेललाई यस वर्ष विभागमा उत्कृष्ट कार्य गर्ने कर्मचारीको रुपमा घोषित गरी विभागका महानिर्देशकज्यूबाट सम्मान गरिएको थियो।






झ)   मन्तव्य

- नेपाल राष्ट्र बैङ्कका गभर्नर महाप्रसाद अधिकारीज्यू




मन्तव्यका सन्दर्भमा गभर्नरज्यूले फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ), एसिया प्यासिफिक ग्रुप एपीजीले नेपाल जोखिमपूर्ण देश (ग्रे लिस्ट) मा जाने अवस्था देखाएको तथा आर्थिक अपराध नियन्त्रणमा नेपालको प्रयासलाई एपीजीले उच्च, राम्रो, मध्यम र न्यून भनी वर्गीकरण गर्दा नेपाल ग्रे लिस्टमा पर्ने सम्भावना रहेको कुरा राख्नुभयो। त्यसका साथै, नगद कारोबार बढी जोखिमयुक्त हुने भएकोले थ्रेस होल्ड तोकिने एवम् पछिल्ला दिनमा बढ्दै गएको डिजिटल कारोबारमा प्रशस्त मात्रामा फल्ट हुने र टेक्नोलोजी एडभान्समेन्टको फलस्वरूप क्रिप्टो लगायतमा आफ्ना सम्पत्ति लैजाने प्रयोग बढ्न थालेकाले क्रिप्टोलाई पनि जोखिमको रुपमा लिईएको, नयाँ—नयाँ रूपमा जोखिम आइरहेका र त्यसलाई हामीले न्यूनीकरण गर्न लाग्नुपर्ने धारणा व्यक्त गर्नुभयो। साथै, नेपाल ग्रे सूचीमा समावेश भयो भने पनि हामी बाहिर निस्किने धेरै आधार बनेको हुँदा जोखिमका क्षेत्र पहिचान गरी जोखिम न्यूनीकरण गर्ने सरोकारवाला सबैको साझा प्रयासमा प्रभावकारी कार्यान्वयनमा गर्न सके चाँडै सूचीबाट निस्किन सकिन्छ भन्ने धारणा राख्नुभयो।

- माननीय महान्यायाधिवक्ता रमेश वडालज्यू

आफ्नो मन्तव्य राख्दै माननीय महान्यायाधिवक्ताज्यूले सम्पत्ति शुद्धीकरण निवारण ऐनमा भएको संशोधनले सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको अनुसन्धान तथा अभियोजनको

साविकको क्षेत्राधिकारलाई विभिन्न अन्य निकाय तथा जिल्ला अदालतहरुमा समेत विस्तार गरेको सन्दर्भमा यस प्रणालीको गम्भिरता प्रतिको बुझाई सम्बद्ध सबैमा विकास गर्दै थप संवेदनशील हुन आवश्यक रहेको औंल्याउनु भयो। साथै, विभिन्न ३९ वटा कसुरहरुबाट सम्पत्ति जोडेको भेटिए सम्पत्ति शुद्धीकरणको कसुर आकर्षित हुने र सम्वद्ध कसुरबाट धन कमाएको देखिएमा मात्रै मुद्दा चल्ने भएकोले कसूर नगरेमा डराउनु नपर्ने कुरा राख्दै अभियोजनका क्रममा प्रचलित कानूनी व्यवस्थाको पूर्ण कार्यान्वयन गर्दै मुद्दाहरुको सफलता दर वृद्धि गर्नुपर्ने अवश्यकता रहेको धारणा व्यक्त गर्नुभयो।




- प्रमुख अतिथि माननीय उपप्रधानमन्त्री एवम् अर्थमन्त्री श्री विष्णुप्रसाद पौडेलज्यू

मन्तव्यका क्रममा माननीय उप्रधानमन्त्री एवम् अर्थमन्त्रीज्यूले सम्पत्ति शुद्धीकरणको समस्या नेपालको मात्रै नभएर विश्वव्यापी रहेको तथा धेरै मुलुकहरु यो समस्याबाट बाहिर आउन एवम् वित्तीय स्वच्छता र सुशासन कायम गर्ने प्रयासमा रहेको कुरा राख्दै नेपालमा यो बीचमा सम्पत्ति शुद्धीकरण निवारणका लागि धेरै काम गर्नुपर्ने भएपनि सोचेअनुसार काम नभएको तथा पहिलो र दोस्रो चरणको मूल्याङ्कन पार गरेर अघि बढेको नेपाल तेस्रो चरणमा आइपुग्दा दुविधामुक्त रुपमा अगाडि बढ्न सक्ने अवस्था नभएको हुँदा सम्पत्ति शुद्धीकरण निवारणका लागि सम्बन्धित निकायहरुले अनुसन्धान र अभियोजनको कामलाई तिब्रता दिन जरुरी रहेको धारणा राख्दै वित्तीय अपराध न्यूनीकरणका लागि सम्पत्ति शुद्धीकरण निवारण प्रणालीसँग सम्बन्धित निकायहरुले समन्वयात्मक रुपमा काम गरी अनुसन्धान र अभियोजनलाई प्राथमिकता दिई काम

गर्न र आगामी दिनमा अन्तर्राष्ट्रिय संस्थाहरुले बनाएको मापदण्ड परिपालना र आफैंले निर्माण गरेको कानून र नियमावलीहरुको कार्यान्वयनमा प्रभावकारिता ल्याउन निर्देशन दिनुभयो।




ञ) समापन




कार्यक्रमका अध्यक्ष तथा नेपाल सरकारका मुख्यसचिव श्री एकनारायण अर्यालज्यूबाट आफ्नो मन्तव्यसहित कार्यक्रमको समापन भयो। मन्तव्यका क्रममा मुख्यसचिवज्यूले नेपालमा सम्पत्ति शुद्धीकरण निवारण प्रणालीसँग सम्बन्धित कानूनी व्यवस्था एवम् संरचनाहरु विकास भई सकेको तर तिनको कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि गर्न अझै धेरै प्रयास

गर्नु आवश्यक रहेको कुरा व्यक्त गर्दै अब एक वर्ष हामीले यस्ता नियम कानुनको पालना तथा हाम्रा प्रतिबद्धता पूरा गर्न गम्भीर भएर काम गर्नुपर्ने अन्यथा राष्ट्रलाई नै ठूलो समस्या पर्ने धारणा राख्नुभयो।

कार्यक्रम समापन भएपछि सहभागीहरूलाई खाजाको व्यवस्था गरिएको थियो।

## २.५ मूल समारोह कार्यक्रममा सहभागिताः

मूल समारोह कार्यक्रममा सम्पत्ति शुद्धीकरण निवारण प्रणालीसँग प्रत्यक्ष परोक्ष सरोकार राख्ने विभिन्न निकायका करीब ३०० जनालाई आमन्त्रण गरिएको थियो। कार्यक्रममा अतिथिको रुपमा नेपाल सरकारका सचिवहरु तथा विशिष्ट श्रेणीका अधिकृतहरु, सर्वोच्च अदालतका रजिष्ट्रार, नेपाली सेनाका रथी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुखज्यूहरू, नेपाल राष्ट्र बैङ्कका डेपुटी गभर्नरज्यूहरु, निर्देशक समिति, समन्वय समिति, नियामक समन्वय संयन्त्र, अनुसन्धान समन्वय संयन्त्र, आतङ्कवाद प्रतिरोध संयन्त्र, प्राविधिक समिति, मूल समारोह समितिका पदाधिकारीहरु, नेपाल सरकारका विभिन्न मन्त्रालयका प्रतिनिधि एवम् विभाग तथा कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, नेपाल धितोपत्र बोर्ड, नेपाल बीमा प्राधिकरण, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर्स अफ कमर्श, नेपाल बैङ्कर्स एसोसियसन, नेपाल बीमक संघ, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, वित्तीय संस्था एवम् गैर वित्तीय पेशाकर्मी तथा व्यवसायीका सङ्गठनहरु लगायत सुचक संस्थाहरुका प्रतिनिधिहरु, वाणिज्य बैङ्कहरु तथा बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरु, नियामक निकाय, अनुसन्धान तथा अभियोजनकारी निकायहरुका प्रमुख तथा प्रतिनिधिहरुको उत्साहजनक सहभागिता रहेको थियो। आमन्त्रित महानुभावहरुका अलावा सुरक्षा निकाय, सवारी चालक तथा विभागको कर्मचारी समेत गरी करीब ६०० जनाको उपस्थिति रहेको थियो।

## ३. उपलब्धी

नेपालमा सम्पत्ति शुद्धीकरण निवारण प्रणाली स्थापित भई राज्यको उच्च प्राथमिकतामा परेको भन्ने सन्देश प्रवाह भएको; सम्पत्ति शुद्धीकरण निवारण विरुद्ध जनचेतना फैलाउनुका साथै अपराध निवारणमा सामाजिक सहयोग र समर्थन जुटाउन सफल भएको; तथा, सम्पत्ति शुद्धीकरण निवारण प्रणालीका सम्बन्धमा मुलुकमा देखा परेका चुनौती एवं प्रवृत्तिगत आयामहरु एवम् सामना गर्ने सम्भावित उपायहरुका बारेमा एकै मञ्चमा छलफल गरी सहकार्यमूलक सवल संस्कृति निर्माणमा नयाँ आयामको शुरूवात भएको।

## ४. निष्कर्ष तथा सुझाव

पहिलोपटक मनाइएको सम्पत्ति शुद्धीकरण निवारण राष्ट्रिय दिवस २०८१ सभ्य एवम् भव्यरूपमा सफलतापूर्वक सम्पन्न भएको छ। यस दिवसले सम्पत्ति शुद्धीकरण निवारण प्रणालीमा संलग्न निकायहरूबीच एकता, सौहार्दता तथा समन्वय अभिवृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। यसको अलावा सम्पत्ति शुद्धीकरणसम्बन्धी जनचेतना अभिवृद्धिमा समेत योगदान पुऱ्याएको छ। पहिलो पटक अत्यन्त छोटो समयको तयारीमा कार्यक्रम सम्पन्न गर्नुपर्ने अवस्था रहेको भए पनि कार्यक्रम शालीन र भव्य रहेको बुझाइ सबै सहभागीहरूमा रहेको पाइयो।

कार्यक्रमलाई अझै उचाइमा पुऱ्याउन आगामी वर्षहरूमा निम्नलिखित सुधारका उपायहरू अवलम्बन गर्नुपर्ने महसुस भएको छः

- वार्षिक कार्यक्रमा नै दिवसलाई शीर्षकगत बजेट विनियोजन गरी थप व्यवस्थित तुल्याउनु पर्ने।
- समुदायस्तरमा सचेतनामूलक कार्यक्रमहरूको विस्तार गर्नु पर्ने।
- सम्पत्ति शुद्धीकरण अनुसन्धान तथा नियमनकारी निकायहरूबीच दिवसकै सन्दर्भमा सहकार्य अझै सुदृढीकरण गर्नु पर्ने।
- प्रविधिको अधिकतम उपयोग गर्दै डिजिटल माध्यमबाट जनचेतना वृद्धिमा जोड दिनु पर्ने।
- मूल समारोह समितिका अतिरिक्त अन्य विषयगत समिति बनाई तयारी गर्नु पर्ने।

<u>मूल समारोह कार्यक्रमका केही झलकहरू</u>



















वित्तीय क्रियाकलापमा पारदर्शिता, सम्पत्ति शुद्धीकरण निवारणमा प्रतिबद्धता
सम्पति शुद्धीकरण निवारण
राष्ट्रिय दिवस २०८१


सम्पति शुद्धीकरण निवारण
राष्ट्रिय दिवस २०८१








"वित्तीय क्रियाकलापमा पारदर्शिता, सम्पत्ति शुद्धीकरण निवारणमा प्रतिवद्धता"
सम्पत्ति शुद्धीकरण निवारण
राष्ट्रिय दिवस २०८१


सम्पत्ति शुद्धीकरण निवारण
राष्ट्रिय दिवस २०८१


सम्पत्ति शुद्धीकरण
राष्ट्रिय दिवस


SUNLIFE
सम्पती शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा
वितिय लगानी निवारण सम्बन्धी अभिमुखीकरण कार्यक्रम
"वितिय क्रियाकलापमा पारदर्शिता,
सम्पति शुद्धिकरण निवारणमा प्रतिबद्धता"
सन नेपाल लाइफ इन्स्योरेन्स कं.लि.
मितिः २०८१/१०/१४ गते, सोमबार


नेपाल
NEPAL